## केहि कोभिड १९ भ्याक्सिनसँग सम्बन्धित प्रश्नहरु

### कति लामो समय सम्म कोभिड भ्याक्सिनले काम गर्दछ ?

खोप लिएका व्यक्तिहरु कति समयको लागि सुरक्षित रहन्छ, यो अझै पनि अनुसन्धानको विषय नै हो । विश्वभर कोभिड १९ को कारणले धेरै मासिहरुको ज्यान गईसक्यो, त्यसैले खोप लिनु आफु र आफु नजिकको प्रियजनलाई बचाउनु अहिलेको उत्तम उपाय हो । त्यसैले सरकारले कोभिड १९ विरुद्ध दिईरहेको खोपको सहि उपयोग गर्नु नै बुद्धिमानी हुनेछ । विभिन्न देशका विज्ञहरुले भ्याक्सिनप्रतिरक्षा क्षमताको बारेमा थप अनुसन्धान गर्दैछन् ।

### के कोभिड १९ विरुद्धको दुई डोज खोप लगाएको व्यक्तिले कोरोण रोग सार्न सक्छ ?

वैज्ञानिकहरुले अझै पनि कोभिड १९ खोप लगाई सकेका व्यक्तिहरुले अरुलाई भाइरस सार्नबाट कसरी जोगाउँछ भनेर अनुसन्धान गरिरहेका छन् । स्वास्थ्य विज्ञहरुका अनुसार, जब सम्म कुनैपनि देशका बहुसंख्यक मानिसहरुले खोप पाउदैनन्, यो स्थितिलाई ध्यानमा राखि खोप पाईसकेका व्यक्तिले पनि सार्वजनिक स्थलमा यो भाइरस नसार्नको लागि मास्क लगाउनु पर्छ र २ मिटरको दुरिमा बस्नु पर्दछ । जब पर्याप्त व्यतिहश्ररुले खोप लगाउनृछन् त्यस पछि मात्र यो रोगको जोखिम कम हुँदै जाने अनुमान छ । एक व्यक्तिबाट अन्य व्यक्तिलाई भाइरस तब सम्म सार्न सक्दैन यदि त्यो व्यक्ति आफै संक्रमित छैन ।

### मलाई कोराना लागेर म पुर्णरुपमा निको भईसके, के मैले खोप लगाउनु पर्छ ?

अवश्य लाउनुपर्छ, किनभने, विशेषज्ञहरुले अझै थाहा पाएका छैनन कि कोभिड संक्रमित व्यक्ति पुनः पछि फेरि कहिले संक्रमित हुन्छ भनेर । यदि तपाईं निको भइसक्नु भयो भने पनि तपाई पुनः भाइरस संक्रमित हुन सक्नु हुन्छ । त्यसकारण आफूलाई सुरक्षित राख्न खोप अनिवार्य रुपमा लगाउनु पर्छ ।

यदि तपाईंले monoclonal antibodies वा convalescent plasma को कोभिड मार्फत उपचार गर्नुभएको भए, तपाईंले खोप लिन ९० दिन पर्खनु पर्छ । तपाईले खोप लिन अगाडि डाक्टरसँग कुरा गरि सल्लाह लिनु पर्ने हुन्छ ।

### के कोभिड १९ विरुद्धको खोप लगाएको व्यक्ति प्लाज्मा डोनर हुन सक्छ ?

अहिलेको समयमा पर्याप्त अनुसन्धान र सोको नतिजा उपलब्ध नभएको कारणले, कोभिड १९ खोप लिने व्यक्तिहरुले convalescent plasma दान गर्न मिल्दैन ।